खानीखोला गाउँपालिका

काभ्रेपलाञ्चोक जिल्ला, प्रदेश नं. ३

# खानीखोला गाउँपालिका राजपत्र

गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्डः २ संख्याः ०५ मितिः २०७४।०५।२७

**गाउँ कार्यपालिकाको बैठकबाट निर्णय मितिः २०७४।०५।२७**

## उपभोक्ता समिति गठन एवम् योजना सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्य २०७४

**निर्णय मिति : २०७४।०५।२७**

खानीखोला गाउँपालिकाको मिति २०७४ साल भाद्र २७ गते वसेको कार्यपालिकाको वैठकले निर्णय भए बमोजिम उपभोक्ता समितिको गठन, योजना संचालन र ब्यवस्थापन गर्दा देहायका प्रक्रिया पु-याई चालु आ.ब. २०७४/०७५ को लागि स्वीकृत खानीखोला प्रथम गाउँ सभावाट स्वीकृत तपसिलमा उल्लेखित योजनाहरुको सम्बन्धमा उपभोक्ता

समिति तथा सम्बन्धित संघ संस्थाबाट कार्य सम्पन्न गर्न २०७४ **कार्तिक मसान्त** भित्रमा योजना सम्झौता गर्न आउनु हुन सबै सरोकारवालाहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै तोकिएको समय अवधि भित्र सम्झौताका लागि नआएमा सो पश्चात् योजना सम्झौता नहुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

१. पूर्वाधार सम्बन्धि बिनियोजित रकम रु. ५ लाख सम्मको योजना संझौताको लागि सम्बन्धित वडा पालिकामा र रु. ५ लाख भन्दा माथिको योजना सम्झौताको लागि गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्नुपर्नेछ । आय आर्जन तथा क्षमता विकासका सबै योजना सम्झौताको लागि २ लाख सम्म वडामा र २ लाख देखी माथि सवै योजनाको सम्झौता गाउँपालिकामा सम्पर्क गर्नुपर्नेछ ।

२. उपभोक्ता समितिबाट आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट आयोजना स्थलमा नै सातदेखि नौ सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ । उक्त भेलामा इन्जिनियर,सव इन्जिनियर वडा अध्यक्ष तथा सदस्यहरु वडा सचिव, सामाजिक परिचालकको उपस्थितीमा उपभोक्ता समिति गठन गर्नुपर्नेछ । उपभोक्ता समिति गठनमा विवाद भएमा गाउँ पालिकाले अन्तिम निर्णय गरिनेछ । उपभोक्ता समितिका सदस्यहरूले आफ्नो नागरिकताको प्रमाणपत्रको छाँया कपि पेश गर्नुपर्नेछ ।

३. स्थानीय तहका बहालवाला जनप्रतिनिधि तथा पदाधिकारी, बहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरूजु फछ्र्यौट नगरेका व्यक्तिहरू, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजांय पाई उक्त सजांय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् यदि उपभोक्ता समितिमा वसेर उजुरी परेमा स्वतः रद्ध हुनेछ ।

४. उपभोक्ता समितिका सदस्यहरूमा कम्तीमा तेत्तीस प्रतिशत महिला हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एक जना महिला पदाधिकारी हुनुपर्नेछ । उपभोक्ता समिति गठन गर्दा समावेशी हुनुका साथै समितिमा आबद्ध व्यक्तिहरु सामान्यतया साक्षर हुनुपर्नेछ । खाता संचालनमा महिला अनिबार्य हुनु पर्नेछ ।

५. एउटै समयमा एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै एकासगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाइने छैन ।

६. प्रचलित ऐन, नियम, प्रक्रिया र मापदण्ड विपरीत उपभोक्ता समिति वा अनुगमन समिति गठन गरी वडाले सिफारिस गर्न पाइने छैन ।

७. उपभोक्ता समितिको गठन सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । उपभोक्ता समिति गठन गर्दा वडा पालिकाले ७ दिन अगावै सार्वजनिक सुचना जारी गरी योजनाको नाम र भेला वस्ने मिति ,स्थान र समय तोक्नु पर्नेछ ।

८. स्थानीयस्तरमा संचालन हुने विकास निर्माणका कार्यहरु संचालन गर्दा आईपर्ने कानुनी तथा ब्यबहारीक अड्चनहरुको ब्यवस्थापनको जिम्मेवारी सम्बन्धित उपभोक्ता समितिको हुनेछ ।

९. अनुगमन तथा सहजीकरण समितिको सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) उपभोक्ता समिति वा ठेक्कापट्टा जुनसुकै प्रक्रियाबाट कार्यक्रम वा आयोजना संचालन वा कार्यान्वयनमा अनुगमन एवम् सहजीकरण गर्न सम्बन्धित आयोजना वा कार्यक्रमबाट प्रत्यक्ष लाभ हासिल गर्ने परिवार मध्येबाट कम्तीमा दुई जना महिला र वडा पालिकाको सदस्यहरु मध्येवाट वडा सदस्य संयोजक रहने गरी पांच सदस्यीय अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ ।

(ख) आयोजना संचालनको क्रममा बाधा अवरोध आइपरेमा आवश्यक सहजीकरण गर्ने, सम्पन्न कार्यक्रम वा आयोजनाको सार्वजनिक परिक्षण गर्ने तथा कार्यालयसंग गरेको सम्झौता र प्रचलित कानून बमोजिम कार्यक्रम तथा आयोजना संचालन भएको नपाईएमा सम्बन्धित उपभोक्ता समितिका सदस्यहरूलाई र कार्यालयलाई सोको जानकारी गराउनु कार्यक्रम वा आयोजना अनुगमन तथा सहजीकरण समितिको कर्तव्य हुनेछ ।

१०. यस सूचनामा उल्लेख नभएका कुराहरुको सम्बन्धमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली तथा स्थानीय निकाय स्रोत परिचालन कार्यविधि, २०६९ मा भएको व्यबस्था बमोजिम हुनेछ ।

११. उपभोक्ता समितिद्धारा गरिने विकास निर्माणका कार्यहरु श्रममूलक हुनुपर्नेछ । उपभोक्ता समितिले विकास निर्माण कार्यमा भारी उपकरण, मेशीन प्रयोग गर्दा गाउँपालिका सँग समन्वय गर्नुपर्नेछ ।

१२. एक वडा भन्दा बढि वडासंग सम्बन्धित योजनाहरुको हकमा वडाको संयुक्त भेला वोलाई उपभोक्ता समिति गठन गरी कार्यक्रम अगाडी वढाइने छ ।

१३. प्राविधिक ल.इ.विना वा उ.स.गठन नगरी गरिएको कार्यहरुको भुक्तानी कार्यालयबाट हुनेछैन ।

१४. उपभोक्ता समितिलाई पेश्की दिइने छैन र अन्तिम किस्ता पूर्वाधार विकासको रकम पूर्वाधार विकास समितिको सिफारिसमा गाउँपालिकाले अनुगमन गरी सवै वजेट निकासा भएपछि मात्र सम्पन्न कार्यको प्राबिधिक मूल्यांकन अनुसार भुक्तानी दिईने छ ।

१५. गाउँपालिकामा संचालन गरिने योजनाहरुको लागत ईष्टिमेट समेत संलग्न गरी निकासा माग गर्नु पर्नेछ ।

१६. आयोजना सम्बन्धि सम्पूर्ण कार्य चैत्र मसान्तभित्र सम्पन्न गरि फरफारकको लागि कार्यालयमा पेश गर्नु पर्नेछ ।

१७. उपभोक्ता समितिको तर्फबाट देहाय बमोजिम हुन आउने रकम बरावरको काम जनसहभागिता वापत व्यहोर्नुपर्नेछ ।

<u>जनसहभागिता बापत ब्यहोर्नु पर्ने अंश</u>

| सि.नं. | कामको विवरण | प्रतिशत रकम |
|---|---|---|
| १ | स्ट्रक्चर निर्माण कार्य (पूल-पुलेसा, भवन निर्माण/मर्मत, पक्की नाला, पक्की कुलो, टेवा पर्खाल, खानेपानीका योजना आदि), ग्राभेल गर्ने, स्टोन सोलिङ कार्य सम्बन्धि योजनाहरु | १० प्रतिशत |
| २ | मध्यम र कडा प्रकारको चट्टान काट्ने र ग्रामिण सडकमा सबै प्रकारको माटो काट्ने कार्य सम्बन्धि योजनाहरु | १५ प्रतिशत |
| ३ | स्थानीय यातायात तथा क्षेत्रगत पूर्वाधार विकास कार्यक्रम तर्फका सडकहरुको हकमा (सबै प्रकारको निर्माण कार्यमा) | २० प्रतिशत |
| ४ | आय आर्जन तथा क्षमता विकास सम्बन्धि योजनाहरु | १० प्रतिशत |
| ५ | अन्य आयोजना/कार्यक्रमको हकमा | आयोजना र कार्यक्रमको निर्देशिकामा तोकिए अनुसार |

## विभिन्न संघ संस्था,सहकारी,समुह र फर्मवाट आयआर्जन तथा क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम सञ्चालन तथा ब्यवस्थापन सम्बन्धि मापदण्ड
## २०७४

खानीखोला गाउँपालिकाको मिति २०७४ साल भाद्र २७ गते वसेको कार्यपालिकाको वैठकले निर्णय भए बमोजिम संघ संस्था,सहकारी,समुह र फर्मवाट आयआर्जन तथा क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम सञ्चालन गर्दा देहायका प्रक्रिया पु-याई चालु आ.ब. २०७४/०७५ को लागि स्वीकृत खानीखोला गाउँ सभावाट स्वीकृत **आयआर्जन** तथा **क्षमता अभिवृद्धि , जनचेतना** र **शसक्तिकरण** कार्यक्रम सञ्चालन गर्दा तपसिलमा उल्लेखित तथा प्रस्तावित अनुसार प्रस्तावना पत्रमा उल्लेख गरी कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागी यो मापदण्ड तयार गरिएको छ । साथै संघ संस्था तथा कृषि फर्ममा विनियोजन भएको रकम पूर्वाधार विकास निर्माण गर्नु पर्ने भएमा प्राविधिक स्टमेट सहित आवयाक काजगपत्र पेश गर्नु पर्नेछ ।

१. संघ सस्था र सहकारीको हकमा कार्यक्रम सञ्चालन गर्नको लागी प्रस्तावनापत्र सहित निम्न कागजपत्रहरुको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

- दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।
- प्यान/भ्याट दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।
- गत आ.व.को कर चुक्ताको प्रमाण पत्र ।
- गत आ.व.को वार्षिक लेखा परीक्षण प्रतिलिपी ।
- कार्य समिति/सञ्चालक समितिको निर्णय ।

- ➢ कार्य समिति/सञ्चालक समितिको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

२. समुहको हकमा कार्यक्रम सञ्चालन गर्नको लागी प्रस्तावनापत्र सहित निम्न कागजपत्रहरुको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

- ❖ दर्ताको प्रमाण पत्र ।
- ❖ प्यान दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।
- ❖ गत आ.व.को कर चुक्ताको प्रमाण पत्र ।
- ❖ कार्य समिति/सञ्चालक समितिको निर्णय ।
- ❖ कार्य समिति/सञ्चालक समितिको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

३. कृषि फर्मको हकमा कार्यक्रम सञ्चालन गर्नको लागी प्रस्तावनापत्र सहित निम्न कागजपत्रहरुको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

- ❖ दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।
- ❖ प्यान दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।
- ❖ गत आ.व.को कर चुक्ताको प्रमाण पत्र ।
- ❖ प्रोपाइटरको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

४, परियोजना सञ्चालन गर्दा तपसिलमा उल्लेखित दररेटको मापदण्ड भित्र रहेर प्रस्तावना पत्रमा बजेट प्रस्तावित गर्नु पर्नेछ ।

<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>न्यूनतम दर</th><th>अधिकतम दर</th><th>कैफियत</th></tr>
<tr><td>1</td><td>प्रति खाना</td><td>135</td><td>150</td><td></td></tr>
<tr><td>2</td><td>प्रति खाना तथा आवास</td><td>150</td><td>225</td><td></td></tr>
<tr><td>3</td><td>खाजा तथा नास्ता प्रतिव्यक्ति</td><td>80</td><td>100</td><td></td></tr>
<tr><td>4</td><td>स्टेशनरी प्रति व्यक्ति</td><td>80</td><td>100</td><td></td></tr>
<tr><td>5</td><td>यातायात खर्च (प्रतिदिन )</td><td>1000</td><td>1500</td><td>k|lzIfs tyf sfo{qmd ;+of]hs, Joj:yfks / ljz]if JolQmx?sf] nfuL . cft]hft] dfq .</td></tr>
<tr><td>6</td><td>भत्ता प्रतिव्यक्ति (प्रतिनिधि)</td><td>500</td><td>2000</td><td>lgodfg';f/ s/ s^\^L ug'{ kg]{% .</td></tr>
<tr><td>7</td><td>सहभागी भत्ता प्रतिव्यक्ति</td><td>200</td><td>500</td><td>lgodfg';f/ s/ s^\^L ug'{ kg]{% .</td></tr>
<tr><td>८</td><td>यातायात खर्च</td><td>200</td><td>500</td><td></td></tr>
<tr><td>9</td><td>हल भाडा</td><td>1000</td><td>1500</td><td></td></tr>
<tr><td>10</td><td>प्रशिक्षक खर्च प्रति सेसन</td><td>1000</td><td>1200</td><td>lgodfg';f/ s/ s^\^L ug'{ kg]{% .</td></tr>
<tr><td>11</td><td>व्यवस्थापक खर्च प्रतिदिन</td><td>1000</td><td>1200</td><td>lgodfg';f/ s/ s^\^L ug'{ kg]{% .</td></tr>
<tr><td>12</td><td>प्रोजेक्टर चार्ज (प्रतिदिन)</td><td>1000</td><td>1200</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १३ | कार्यक्रम संयोजक (प्रतिदिन) | 1200 | 1500 | lgodfg';f/ s/ s^\^L ug'{ kg]{% . |
| 14 | तालिम सामाग्री | 2000 | 2500 | |
| 15 | फोटो, फोटो कपी व्यानर र व्यवस्थापन | 2000 | 3000 | |
| 16 | प्रस्तावना पत्र तयारी खर्च | 1500 | 2000 | |
| 17 | कार्यक्रम प्रतिवेदन खर्च | 1500 | 2000 | |

## संघ संस्था सहकारी समुह र फर्मले व्यहोर्नु पर्ने अंश

| सि.नं. | कामको विवरण | प्रतिशत रकम |
|---|---|---|
| ४ | आय आर्जन तथा क्षमता विकास सम्बन्धि योजनाहरु | १० प्रतिशत |
| ५ | अन्य आयोजना/कार्यक्रमको हकमा | आयोजना र कार्यक्रमको निर्देशिकामा तोकिए अनुसार |